३४ असोज २०७५

**प्रेस विज्ञप्ति**

## गृहमन्त्रीको गैरजिम्मेवारी भनाईप्रति आपत्ति

यही असोज १२ गते गृहमन्त्री रामबहादुर थापाले महिला नेतृहरुसंगको एक भेटमा कानुन संशोधन गरेर भएपनि नेपालमा मृत्युदण्डको प्रवधान राख्न पहल गर्ने प्रतिबद्धता जाहेर गरेको भनाईको समाचारप्रति जवाफदेहीता निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

मृत्युदण्डको वकालत गर्नु भनेको हिंसामा विश्वास राख्नु हो । कुनैपनि वहानामा हिंसाको वकालतलाई मानव अधिकारका मुल्यमान्यता र सिद्धान्तले स्वीकार्दैन । मानव अधिकारको विश्वब्यापि घोषणापत्र र नेपालको संविधान समेतले प्रत्याभुत गरेको ब्यक्तिको बाँच्न पाउने नैसर्गिक अधिकारको हनन् हुनेछ । नेपाल सहीत विश्वका करिब १७० देशले मृत्युदण्डलाई पूर्ण अन्त्य या स्थगित गरेको अवस्थामा नेपाल सरकारका गृहमन्त्रीले अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालको संविधान विपरित मृयुदण्डको ब्यवस्था राख्न पहल गर्ने प्रतिबद्धता जाहेर गर्नु अत्यन्तै खेदपूर्ण र आपत्तिजनक रहेको निगरानी समितिको ठहर छ ।

स्मरण रहोस नेपाल ‘मानव अधिकार विश्वब्यापि घोषाणपत्र १९४८’प्रति प्रतिबद्ध र ‘मृत्युदण्ड अन्त्य गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार माहासन्धिको दोश्रो ऐच्छिक आलेख’को पक्षराष्ट्र पनि हो । यसका साथै २०४६ सालको जनआन्दोलन पछि मृत्युदण्ड जस्तो मानवअधिकार विरोधी प्रवधानलाई नेपालको संविधान २०४७ ले अन्त्य गऱ्यो । यसको निरन्तरता नेपालको अन्तरिम संविधान २०६३ र २०७२ सालमा जारी भएको नेपालको संविधानले (धारा १६(२)) दियो ।

मृत्युदण्डका प्रावधानबाट अपराधिक गतिविधि राकिने होईन र रोकिएको उदाहरण पनि छैन । बरु नागरिक प्रति ईमान्दार भएर वास्तविक दोषी पत्ता लगाउने कार्य यस समस्याको उचित सम्बोधन हो । अपराधिक गतिविधिमा लागेका ब्यक्तिलाई कानुनी दायरामा ल्याउनु र कुनैपनि वहाना वा प्रभावमा नपरेर अपराधजन्य घटनामा उन्मुक्ति नदिनु राज्यको कर्तब्य हो ।

त्यसैले मानव अधिकारको यस संवेदनशील बिषय सरकारको जिम्मेवार पदमा रहेका ब्यक्ति गैरजिम्मेवार नबनुन् भन्ने हाम्रो आग्रह छ । भावना र आवेगबाट प्रेरित नभएर वास्तविक धरातलीय यथार्थतालाई बुझेर ब्यवहार गरोस । साथै मृत्युदण्डको वकालत भन्दा नागरिकको शान्तिसुरक्षा, न्याय र सुशासनको प्रत्याभुति नेपाल सरकारले गरोस भन्ने अपिल निगरानी समिति गर्दछ ।
जवाफदेहीता निगरानी समितिको तर्फबाट

चरण प्रसाई
संयोजक
सम्पर्क : ९८५१०४२६८१